स्थानिय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम यो राजपत्र प्रकाशन गरिएको छ ।

# स्थानीय शिक्षा ऐन, २०७७

Scanned with CamScanner

# जहदा राजपत्र

जहदा गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: १ संख्या: १

भाग-१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम जहदा गाउँ कार्यपालिकाको गाउँसभाले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएकोले अनुरोध छ ।

## स्थानीय शिक्षा ऐन, २०७७

प्रमाणन मिति २०७७/०८/१५

प्रस्तावना:

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गर्दै संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र समुन्नतिका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकताका आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस स्थानीय तहको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन रहेका विद्यालय तथा शैक्षिक निकायहरूको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, 'नेपालको संविधान २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८' तथा 'स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम जहदा गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद- एक
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस ऐनको नाम "स्थानीय शिक्षा ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन जहदा गाउँपालिका भर लागू हुनेछ ।

(३) यो ऐन स्थानीय जहदा राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले जहदा गाउँपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले जहदा गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले दफा ५५ बमोजिम विद्यालय संचालनका लागि खडा गरिएको संचित कोषलाई सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गाउँपालिका सम्झनुपर्छ ।

(ङ) "गाउँ सभा" भन्नाले जहदा गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(च) 'प्रमुख' भन्नाले गाउँपालिका अध्यक्ष लाई सम्झनु पर्ने छ ।

(छ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले जहदा गाउँपालिकाको प्रमुख कार्यकारी अधिकृतलाई सम्झनु पर्छ ।

(ज) प्रारम्भिक बाल शिक्षा " भन्नाले चार वर्ष उमेर पुरा भई पाँच वर्ष उमेर पुरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेसरी आदि सम्झनु पर्छ ।

(झ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ञ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ कक्षा देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ट) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(ठ) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ड) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ढ) "व्यवस्थापन समिति" भन्नाले दफा १८ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ण) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाकाको शिक्षा शाखाको अधिकृत/ प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(त) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने विभाग/महाशाखा र शाखा वा ईकाईलाई सम्झनु पर्छ ।

(थ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देस्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(द) विशेष शिक्षा: भन्नाले दृष्टिविहिन बहिरा अटिज्म बौद्धिक अपाङ्गता भएको व्यक्ति सुस्त श्रवण वा अति असक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समुहमा राखी विशेष प्रकार र निश्चित माध्ययमबाट दिइन शिक्षा सम्झनुपर्छ ।

(ध) समावेशी शिक्षा भन्नाले देहायको शिक्षा सम्झनुपर्छ ।

१) दृष्टिविहिन न्युन दृष्टियुक्त बहिरा सुस्त श्रवण अटिज्म बौद्धिक शारीरिक वा अन्य अपाङ्गता भएको बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रहि दिईने शिक्षा ।

२) सामाजिक आर्थिक वा भौगोलिक कारणे पछाडी पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिईने शिक्षा

(न) संस्थागत भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालय सम्झनुपर्छ ।

(प) शिक्षक भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(फ) कर्मचारी भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(ब) अभिभावक भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जानिएका व्यक्ति सम्झनुपर्दछ र सो शब्दले दफा १८ को प्रयोजनको लागि विद्यार्थीको बाबु आमा बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने कर्मचारी सम्झनुपर्छ ।

(भ) माध्यमिक शिक्षा परीक्षा भन्नाले कक्षा १० को अन्तमा हुने परिक्षा सम्झनुपर्छ ।

(म) अनुमति भन्नाले नेपाल सरकार प्रदेश सरकार प्रदेश सरकार स्थानिय सरकारले स्वीकृत र सहायता प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(य) स्वीकृती भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेका विद्यालयलाई नेपाल सरकार प्रदेश सरकार स्थानिय सरकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(र) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा भन्नाले कक्षा ८ को अन्त्यमा लिईने परीक्षा सम्झनुपर्दछ ।

## परिच्छेद- दुई

## शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

**३. विद्यालयको तह २ प्रकारका हुनेछन् :**

(क) माध्यमिक तह : कक्षा ९ देखि कक्षा १२ अध्यापन हुने



Scanned with CamScanner

(ख) आधारभूत तह : कक्षा ८ सम्म अध्ययन अध्यापन हुनेछ, आधारभूत तह भित्र कक्षा ५ सम्म अध्यापन हुने विद्यालयलाई प्राथमिक तह, कक्षा ६ देखि ८ सम्म निम्न माध्यमिक तह र बाल शिक्षा केन्द्र अन्तर्गत बाल हेरचाह केन्द्र, नर्सरी मन्टेश्वरी, किन्डरगार्डेनहरु रहनेछन् ।

**४. माध्यमिक शिक्षाको प्रकार:** माध्यमिक तहको शिक्षामा देहायका प्रकारका हुनेछन् :-

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

**५. शिक्षाको माध्यम:**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवैभाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) आधारभूत (कक्षा ५) सम्म मातृभाषामा शिक्षा दिन सकिनेछ,,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्नसक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ,

**६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :**

गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**७.विद्यालय संचालन गर्न अनुमति लिनुपर्ने:**

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित गाउँपालिकामा अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखावाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पुरा भई विद्यालय अनुमति दिन उपयुक्त भएको भनि शिक्षा अधिकृतको प्रतिवेदनको आधारमा शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले अनुमति दिनेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा अधिकृतले सो निवेदन उपर १५ दिन भित्र आवश्यक जाँचबुझ गरी शिक्षा समितिमा राय सहित प्रतिवेदन पेश गर्ने छ र माग बमोजिम विद्यालय सञ्चालन गर्न शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले: अनुमति तथा स्वीकृति दिनेछ ।

(५) उपदफा (२), (३) वा मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैन:-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाईसञ्चालन भएको विद्यालय ।

(६) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने,



Scanned with CamScanner

(६) शैक्षिक गुठीको तत्काल कायम रहेका दृष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(७) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा गाउँपालिकामा आवेदन दिन् पर्ने छ । शिक्षा अधिकृतले सो सम्बन्धमा स्थलगत निरिक्षण गरी राय सहितको प्रतिवेदन शिक्षा समितिमा पेश गर्नेछ । शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले सार्वजनिक शैक्षिक गुठि अन्तर्गत विद्यालय संचालन गर्न अनुमति दिनेछ ।

(८) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछन् ।

(९) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृतिदिइने छैन ।

(१०) यस अघि दर्ता भएका विद्यालय सम्बन्धि व्यवस्था : (१) माथि जेसुकै उल्लेख भए पनि यस अघि नियमानुसार दर्ता र संचालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम संचालन भएका मानिनेछन् । तर यस अघि संचालनमा भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्नु पर्नेछ ।

८. **धरौटी राख्नु पर्नेः संस्थागत विद्यालय खोल्ने अनुमति लिंदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ :**

| संस्थागत विद्यालय | सामुदायिक विद्यालय |
|---|---|
| क) माध्यमिक विद्यालयको लागि तिन लाख रुपैया | एक लाख रुपैया |
| ख) आधारभुत विद्यालय (६-८) का लागि दुई लाख रुपैया | |
| ग) आधारभुत विद्यालय (१-५) का लागि एक लाख रुपैया | |
| घ) बालबिकास केन्द्रका लाग पचास हजार रुपैया | |

तर, विशेष आवश्यकता भएका विद्यार्थीका लागि वा सिमान्तकृत वा अति पिछडिएको भौगिलिक क्षेत्रमा यस्तो विद्यालय खोल्दा कार्यापालिकाले धरौटी मा आवश्यकता अनुसार छुट दिन सक्नेछ ।

९. **धरौटी रकम जम्मा गरिने :** (१) विद्यालयले दफा ९ बमोजिमको धरौटी बापतको रकम कार्यपालिकाको धरौटी खाताभा जम्मा गर्नपर्नेछ ।

१०. **सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयहरुले समेत पाठ्यक्रम, परिक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डर यसै ऐन वमोजिम पालना गर्नुपर्ने छ ।**

११. **गाउँपालिकाले कुनै विद्यालयसँग मिसाएर वा छुट्टै बाल शिक्षा केन्द्रको स्थापना र सञ्चालन गर्न र थप व्यवस्था गर्न सक्नेछ ।**

१२. **वाल गृहको संचालनः गाउँपालिका आफैले वा कुनै व्यक्ति वा संस्थाले वाल गृह संचालन गर्न पाउनेछ । वाल गृह संचालनको लागि आवश्यक प्रकृया गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।**

१३. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ ।**

१४. **गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्ने सम्बन्धि विषय तोकिएबमोजिम हुनेछ । तर गाँउपालिका भित्र कुनै विद्यालयले गाँउपालिकाको एक वडाबाट अर्को वडामा विद्यालय सार्न, गाभ्न विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय वन्द गर्न चाहेमा वडा शिक्षा समितिको सिफारिस सहित गाँउपालिकामा निवेदन दिनुपर्नेछ । गाँउ शिक्षा समितिको सिफारिसमा गाँउकार्यपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेछ ।**

## परिच्छेद : ३
## शिक्षा सम्बन्धी संरचनागत सम्बन्धी व्यवस्था

१५. **गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :-



Scanned with CamScanner

(क) गाउँपालिका अध्यक्ष वा निजको काम गर्न तोकिएको व्यक्ति - अध्यक्ष

(ख) प्रमुख प्रशासकिय अधिकृत सदस्य

(ग) गाउँ कार्यपालिकाका कम्तिमा एक जना महिला सहित गाउँकार्यपालिकाका सदस्यहरु मध्येबाट दुई जना - सदस्य

(घ) गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(ङ) स्थानिय समाजसेवी वा शिक्षाप्रेमिहरुमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना दलित र दुई जना महिला सहित तिन जना - सदस्य

(च) सामुदायिक वा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना सदस्य

(छ) विशेष शिक्षा समावेशी शिक्षा वा श्रोत कक्षा संचालन गर्ने विद्यालय वा अपाङ्गता भएको व्यक्ति वा शिक्षण संस्थाबाट प्रतिनिधीत्व हुने गरी गाउँ शिक्षा समितिले मनोनित गरेको अपाङ्गता भएका व्यक्ति एक जना - सदस्य

(ज) गाउँपालिकास्तरीय शिक्षक महासंघको अध्यक्ष सदस्य

(झ) शिक्षा अधिकृत सदस्य सचिव

(२) समितिको बैठक संचालन प्रकृया, बैठक भत्ता तथा सेवा सुविधा गाउँ कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) अनुसार मनोनित सदस्यको पदावधी २ वर्षको हुनेछ मनोनित सदस्यले पदीय आचरण पूरा नगरेमा गाउँ कार्यपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासीब माफिकको स्पष्टिकरणको मौकाबाट वञ्चित गरिने छैन ।

(४) गाउँपालिका क्षेत्रभित्रका स्रोत व्यात्ति प्रतिनिधि,शिक्षा सम्वन्धि कार्यदल,उपसभापति प्रमुखहरु उपदफा १ बमोजिमका आमन्त्रित सदस्य हुनेछन् ।

(५) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्वन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(च) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षकका सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरु विकास गर्ने र प्रगति मूल्यांकन गर्ने ।

(ट) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ।

(ण) शैक्षिक संस्था र शिक्षासंग आवद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्ने गराउने ।

(थ) संस्थागत विद्यालय संचालनको मापदण्ड बनाउने, संचालनको स्वीकृती र अनुमतीको लागि गाउँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने ।

द) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्ने, नीति तर्जुमा गरी गाउँ पालिकामा पेस गर्ने

ध) सामुदायिक सिकाई केन्द्र स्थापना र संञ्चालन सम्वन्धी नीति तर्जुमा गर्ने ।

प) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने ।

फ) विद्यालय बाहिर रहेका वालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

ब) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने ।



Scanned with CamScanner

(भ) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने ।

(म) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(य) शैक्षिक सूचना प्रणाली स्थापना गरी सबै विद्यार्थी, शिक्षक र शिक्षासँग सम्बन्धित तथ्याङ्कहरु राख्ने ।

(र) शिक्षामा सबै बालबालिकाको पहुँच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरुलाई ग्यारेण्टी गर्न आवश्यक नीति, नियम तथा कार्यक्रमहरु संचालन गर्ने ।

(ल) विद्यालय व्यवस्थापन समिति गठनका लागि सहजिकरण गर्ने ।

(व) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**१६. गाउँपालिका अन्तर्गतका शिक्षा सम्बन्धी कार्यक्रम व्यवस्थापन गर्ने र शैक्षिक प्रशासन सञ्चालन गर्न १ जना शिक्षा अधिकृत रहने छन् । निज को काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछ ।**

(१) गाउँ स्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ कार्यपालिकामा पेश गर्ने

(२) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने

(३) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने

(४) गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(५) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने ।

(६) विद्यालय संचालन सम्बन्धमा प्रधानाध्यापक तथा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।

(७) विद्यालयको शैक्षिक तथा आर्थिक अभिलेख दुरुस्त भए नभएको निरिक्षण गर्ने गराउने ।

(८) विद्यालयका शिक्षक तथा कर्मचारीको विदाको अभिलेख प्रमाणित गर्ने र विद्यालयमा राख्न लगाउने ।

(९) शिक्षकहरुको हाजिरी अभिलेख दुरुस्त भए नभएको छडके जाँच वा निरिक्षण गरी विदा नलिई अनुपस्थित शिक्षकको हकमा हाजिरी पुस्तिका गयल जनाई आवश्यक कारवाहीका लागि शिक्षा समितिमा सिफारिस गर्ने ।

(१०) शैक्षिक गुणस्तर अभिवृद्धिका लागि तालिम गोष्ठी कार्यशाला सञ्चालन गर्ने ।

(११) नेपाल सरकार प्रदेश सरकारबाट प्राप्त कार्यक्रम कार्यान्वयनमा सहजिकरण गर्ने ।

(११) शिक्षकलाई तालिमको लागि सिफारिस गर्ने ।

(१२) आधारभूत तहको अन्त्यमा हुने परीक्षा सञ्चालन गर्ने ।

(१३) विद्यालयको वार्षिक शैक्षिक कार्यक्रमको नियमित रुपमा अनुगमन गरी सो अनुसार गर्ने गराउने ।

(१४) गाउँपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिकामा निर्वाह गर्ने

(१५) शिक्षा अधिकृतको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१७. वडा शिक्षा समिति सम्बन्धी व्यवस्था : वडा शिक्षा समिति सम्बन्धी व्यवस्था :**

(१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिने छ :

(क) सम्बन्धित वडाको वडाध्यक्ष — संयोजक

(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एक जना — सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको एक जना — सदस्य

(घ) माध्यमिक तह र आधारभूत तहका विद्यालयका प्रधानाध्यापक मध्येबाट गाउँ शिक्षा समितिले तोकेको दुई जना — सदस्य

(ङ) वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तोकेको एक जना — सदस्य

(च) सम्बन्धित वडाका वडा सचिव — सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :



Scanned with CamScanner

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने ।
(ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र नयर्गहत बनाउन सहयोग गर्ने ।
(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग बनाउने ।
(घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ।
(ङ) अभिभावक र शिक्षक तथा शिक्षक र शिक्षक बीच विवाद भएमा त्यसको समाधान गर्ने ।
(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।
(छ) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्ने गाउँशिक्षा समितिमा सिफारिस गर्ने ।
(ज) वडाको शैक्षिक अभिवृद्धिका लागि आवस्यक कार्यहरु गर्ने ।
(झ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यावधि आफैले निर्धारण गर्नेछ ।
(ञ) प्रारम्भिक बालविकास केन्द्र र विद्यालय संचालनको अनुमतिका लागि शिक्षा समितिमा सिफारिस प्रदान गर्ने ।
(ट) गाउँ शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

**१८. विद्यालय व्यवस्थापन समिति :**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) अभिभावकहरुले आफुमध्येबाट छानी पठाएका दुई जना महिला सहित चार जना - सदस्य

(ख) विद्यालय रहेको सम्वन्धित वडाध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेका एकजना - सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा वढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित २ जना - सदस्य

(घ) विद्यालयका शिक्षकले आफुहरुमध्येवाट छानी पठाएका १ जना - सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव

(पुनश्च: वालक्लवहरुको तर्फबाट १ जना वालक वा वालिकालाई आमन्त्रित सदस्यको रुपमा सहभागिता गराउन सकिनेछ ।

(२) प्राविधिक र व्यवसायिक विषयमा अध्ययन वा तालिम गराईने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा जिल्लास्तरका उद्योग तथा वाणिज्य महासंघका दुई जना प्रतिनिधि सदस्य रहनेछन् ।

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क) (ख) वा (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेका सदस्य सो समतिको अध्यक्ष हुनेछ ।

(२) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै वखत पदवाट हटाउन सक्नेछ । तर त्यसरी पदवाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकावाट वञ्चित गरिने छैन । कुनै कारणले निर्धारित समयमा विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा गाउँकार्यपालिकाले अस्थायी व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(३) विद्यालयलाई शान्ती क्षेत्र र वालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरु पुरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व गर्नुपर्नेछ ।

(५) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,
(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,



Scanned with CamScanner

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने ।

(छ) रिक्त दरबन्दी अनुसारका शिक्षकहरुको खोजी गरी काममा लगाउने तथा गाउँपालिकाबाट स्वीकृत दरबन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने,

(झ) गाउँपालिकाबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने

(ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने ।

ठ) प्रचलित कानुन र नियम पालना नगर्ने शिक्षक कर्मचारीलाई विभागीय कारवाहीका लागि सिफारिस गर्ने,

(ढ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने र तोकिए बमोजिमको पारीश्रमिक तथा सुविधाको व्यवस्था गर्ने;

ण) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने ।

(त) विद्यालयमा शिक्षक कर्मचारीको पद रिक्त भएको १५ दिन भित्र पदपूर्तिका लागि गाँउपालिकामा लेखि पठाउने ।

(थ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(६) विद्यालय व्यवस्थापन समितिले आफ्नो कार्यविधि आफैं बनाउन सक्ने छ ।

(७) गाउँ शिक्षा समितिले आवश्यक देखेमा गाउँपालिकाको सहमतिमा एकभन्दा बढी विद्यालयहरुको संयुक्त विद्यालय व्यवस्थापन समिति गठन गरी व्यवस्थापन गर्न सक्ने छ ।

**(१९) शिक्षक अविभावक संघ: सबै विद्यालयमा शिक्षक र अविभावकहरु रहेका एक शिक्षक अविभावक संघ रहनेछ । यस सम्बन्धी कार्यविधि गाउँ शिक्षा समितिले तय गरे बमोजिम हुनेछ ।**

## परिच्छेद ४
## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरवन्दी, सेवाशर्त र योग्यता

**२०. गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्ने:**

(१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरवन्दी निर्धारण गाउँपालिकाले गर्नेछ ।

(२) गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा राष्टिय वा प्रादेशिक मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका दरवन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी, गाउँपालिकाले राख्नु पर्नेछ ।

**२१. शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता**

शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ ।

**२२. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था**

(१) शिक्षक तथा विद्यालय कर्मचारले निम्न कार्य गरेमा पदीय आचरण विरुद्ध मानिनेछ ।

(क) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा,

(छ) निजले अध्यापन गरेको विषयमा तीन बर्षको औषत शैक्षिक उपलब्धी ४० प्रतिशत भन्दा कम भएमा

(ज) विद्यालयको चल अचल सम्पत्ति हिना मिना गरेको पाईएमा ।



Scanned with CamScanner

(झ) पदीय मर्यादा विपरीत कुनै सामाजिक द्वेश सृजना गरेको वा सो कार्यमा मद्धत गरेको पाइएमा

(ञ) प्रचलित कानूनले गर्न नहुने भनी तोकिएका कार्य गरेको पाईएमा ।

(ट) आचरण विपरित हुने कुनै कार्य गरी विद्यालयको शैक्षिक वातावरण खल्बलाएमा

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई कारवाही गर्नुपरेमा यथेष्ट प्रमाण प्राप्त भएमा यस ऐन र प्रचलित कानुन बमोजिम शिक्षा अधिकृतको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले कारवाही गर्न सक्नेछ ।

## परिच्छेद ५
## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम

**२३. शिक्षकको नियुक्ति** (१) विद्यालयमा कायम भएको रिक्त दरबन्दी/ राहत शिक्षक पदमा करार नियुक्तिको व्यवस्था देहाय बमोजिमको छनौट समितिबाट हुनेछ :

(क) सम्बन्धीत विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष – अध्यक्ष

(ख) माध्यमिक तहको शिक्षक छनौट गर्नु पर्ने भएमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर र अन्य तहको शिक्षक छनौट गर्नु पर्ने भए शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक उतीर्ण गरेका तथा विज्ञ सूचीमा रहेका व्यक्तिहरुमध्येबाट उपलब्ध भएसम्म एक जना महिला समेतको प्रतिनिधित्व हुने गरी व्यवस्थापन समितिले मनोनित गरेको दुई जना – सदस्य

(ग) गाउँपालिकाको शिक्षा अधिकृत वा निजले तोकेको कर्मचारी - सदस्य

(घ) सम्बन्धीत विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) छनौट समितिको आफ्नो कार्यविधि गाउँ शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपनियम (१) बमोजिम मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(४) शिक्षक छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।

(५) शिक्षक छनौट समितिले शिक्षक छनौट प्रक्रिया संञ्चालन गर्दा आवश्यक परेमा शिक्षा विकास तथा समन्वय ईकाईको समन्वयमा गर्न सक्नेछ ।

(६) शिक्षक सेवा आयोगले शिक्षक छनौट गर्ने सम्वन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नुपर्नेछ ।

(७ शिक्षक छनौट समितिले शिक्षक सिफारिका लागि लिईने परीक्षाको केन्द्र गाउँपालिकाले तोकेको स्थानमा राख्नुपर्नेछ ।

(८) विद्यालय कर्मचारी र बालविकास सहयोगी नियुक्ति सम्वन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार, प्रदेश सरकारबाट दरबन्दी प्राप्त भएमा वा गाँउपालिकाले दरबन्दी सिर्जना गरेमा तत्काल पठनपाठन र विद्यालयको विषयगत आवश्यकतालाई आधार मानि गाँउपालिकाबाट नै खुल्ला विज्ञापन गरी पदपूर्ति गर्नेछ र दरबन्दी /राहत अनुदान कोटा सहित विद्यालयलाई शिक्षक उपलब्ध गराउनेछ ।

(१०) विद्यालय व्यवस्थापन समितिले विद्यालयमा रिक्त पदको पदपूर्ति गरी पाउन विद्यालय व्यवस्थापन समितिको निर्णय सहित अनुरोध गरी गाँउपालिकामा लेखि पठाएमा वा पदपूर्ति गर्न अनुमति दिएको ३० दिनभित्र प्रकृया अगाडी नबढाएमा विद्यालयलाई प्रदान गरिएको सिफारिस /सहमति रद्ध गरी गाँउपालिकाले पदपूर्तिको विज्ञापन गर्नेछ ।

(११) उपदफा ९ र १० बमोजिमको पदपूर्ति गर्न गाँउपालिका स्तरीय देहायबमोजिम करार /राहत शिक्षक छनौट समिति रहनेछ ।

क) प्रमुख प्रशासकिय अधिकृत अध्यक्ष

ख) प्रशासन शाखाको प्रमुख सदस्य

ग) शिक्षक छनौट समितिले मनोनित गरेका २ जना विषयविज्ञ सदस्य

घ) शिक्षा अधिकृत सदस्य सचिव



सुदर्शन घिमिरे

Scanned with CamScanner

विज्ञ छनौट गर्दा गाँउपालिका वा शिक्षा विकास तथा समन्वय इकाइमा सूचिकृत भएका विज्ञमध्येबाट गर्नुपर्नेछ । परीक्षार्थीको सङ्ख्या तथा परीक्षा हुने विषयको आधारमा विज्ञको सङ्ख्या थप गर्न सकिनेछ ।

(१२) उपदफा ११ बमोजिमको करार /राहत शिक्षक छनौट समितिको पारिश्रमिक तथा अन्य सेवा सुविधा गाँउकार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ ।

**२४. प्रधानाध्यापक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।**

**२५. शिक्षकको सरुवा** देहायको अवस्थामा शिक्षकलाई गाउँपालिका भित्रका एक विद्यालयबाट अर्को विद्यालयमा शिक्षा समितिको निर्णय बमोजिम सरुवा गर्न वा काज खटाउन सक्नेछ ।

क) विद्यार्थी सङ्ख्या न्यून भई शिक्षकलाई अन्यत्र व्यवस्थापन गर्नुपरेमा

ख) कुनै कारणले शिक्षकलाइ त्यस विद्यालयमा राखि राख्न उपयुक्त नभएमा

ग) दरबन्दी मिलानको कममा शिक्षकलाई अन्यत्र खटाउने अवस्था भएमा

उपर्युक्त कारणले सरुवा भएको शिक्षकलाई रमाना दिने र हाजिर गराउने दायित्व सम्बन्धित विद्यालयको हुनेछ । रमाना दिने र हाजिर गराउन कार्यमा ढिलासुस्ती गरेमा वा अटेर गरेमा विद्यालयलाई प्रदान गरिने अनुदान कटौति गर्नसकिनेछ ।

**२६. दरवन्दी मिलान :**

(१) गाउँ शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरवन्दी भएको विद्यालयमा दरवन्दी मिलान गरिनेछ ।

**२७. शिक्षकको बढुवा सम्बन्धी व्यवस्था:** हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको संघीय कानुन बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ती पाएका करार शिक्षककहरुको बढुवा हुनेछैन् ।

**२८. शिक्षकलाई अन्य काममा लगाउन नहुने :**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्वन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्वन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**२९. कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने: शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।**

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने अधिकृतसँग, शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षकहरुसँग सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य गाउँ शिक्षा समितिले तयार पारी गाउँ कार्य पालिकामा पेश गर्नु पर्नेछ ।

**३०. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार**

(१) कार्यसम्पादन करार भएका शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक कर्मचारीलाई दण्डित गर्नु पर्दछ ।

(२) कार्यसम्पादन करारका सूचकहरु तयार गर्दा शिक्षकको सृजनशिलता, परिवर्तनशिलताको विकास हुने प्रकारका सूचकहरु निर्धारण गर्नु पर्नेछ ।

(३) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ६

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापन

**३१. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण**



Scanned with CamScanner

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुनु पर्नेछ।
(२) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ।
(३) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्ने छ।

**३२. विद्यालयको सम्पत्ति:**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुनबमोजिम बेच-बिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका शिक्षा कोषमा जम्मा गर्नेछ।
(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।
(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।
(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ पालिकाको अनुमति लिनु पर्नेछ।

**३३. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन**

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ। सो विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई वा विद्यालयको काममा प्रयोग नहुने अवस्था भएमा गाउँपालिकाले सार्वजनिक प्रयोजनको लागि कानुन बमोजिम भोग चलन गर्न सक्ने छ।
(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ।
(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिका र नेपाल सरकारको रहने छ।

**३४. विद्यालयको पाठ्यक्रम र पाठ्य्पुस्तक:**

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ। विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ।
(२) विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्वन्धित विद्यालयले तोकिएको समय सीमा भित्र गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा माग गर्नुपर्नेछ।
(३) गाउँ शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तकको प्रवन्ध गर्नेछ।
(४) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर वरावरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ। यसको लागि पाठ्पुस्तक गाउँ शिक्षा समितिले निर्णय गरी लागु गर्न सक्ने छ।
(५) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्य सामग्री, थप स्वाध्ययन सामग्री; पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ।

**३५. अतिरिक्त शैक्षिक कृयाकलापको सञ्चालन :**

विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक कृयाकलाप हरु बालक्लब, तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा वहु प्रतिभा मूखि कृयाकलापहरु सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद: ७

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्न र नियमनसम्बन्धी व्यवस्था

**३६. संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम अनुमती वा स्वीकृती लिनु पर्नेछ।**



Scanned with CamScanner

**३७. संस्थागत विद्यालयको व्यवस्थापन समिति**

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाँउपालिकाबाट मनोनित - अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना -सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(घ) गाउँपालिकाको शिक्षा अधिकृत - सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

**३८. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

(१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(ङ) नेपाल सरकार र गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने गराउने

(च) प्रचलित कानुन बमोजिम योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा तोक्ने,

(ज) अनुशासनहीन शिक्षक उपर कारवाही गर्ने,

(झ) कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षाक्षेत्रसँग सम्बन्धित सबै नीति,नियम, तथा निर्देशनहरूको पालना गर्ने;

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३९. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित विद्यार्थीहरुलाई गाउँपालिकाको सिफारिसमा छात्रवृत्ति ५% र ५% पुनं निशुल्क शिक्षा उपलब्ध गराउनु पर्नेछ । छात्रवृत्ति निशुल्क शिक्षा वितरणको यथार्थ जानकारी सम्बन्धित वडा समिति र गाउँपालिका शिक्षा शाखा समक्ष वुझाउनु पर्ने छ ।

(२) छात्रवृत्ति र निशुल्क शिक्षा प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार, शर्त र प्रकृया गांउ पालिका बाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ. गाउँपालिकाले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

**४०. शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्ने :**

गाउँ शिक्षा समितिले संस्थागत विद्यालयका शिक्षकहरुको न्यूनतम पारिश्रमिक र न्यूनतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ ।

**४१. अनुगमन तथा मूल्याङ्कन**

संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका वा गाउं शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

**४२. अनुमति वा स्वीकृति रद्द गर्ने :**



Scanned with CamScanner

कुनै संस्थागत विद्यालयले कानुन र नियम विपरीत कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेद : ८
## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

**४३. गाउँपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा परीक्षा संचालन तथा गुणस्तर मापनका लागि तोकिए बमोजिम समिति वा उपसमिति गठन गर्न सकिनेछ ।**

## परिच्छेद : ९
## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन,

**४४. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः-

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

**४५. अनुदानको व्यवस्था :**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(३) प्राविधिक तथा व्यावसायिक र सामुदायिक विद्यालयलाइ मातृभाषामा शिक्षा दिने प्रोत्साहन अनुदान उपलब्ध गराउन सक्नेछ ।

(४) गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ ।

(५) संस्थागत विद्यालय लाई दफा ५१(५) बमोजिम प्राप्त रकम बाट तोकिए बमोजिम कार्यकमिक अनुदान दिन सकिने छ ।

**४६. बजेट तयार गर्ने :**

प्रधानाध्यापकले प्रत्येक वर्षको जेष्ठ मसान्त भित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा समयमा पठाउनु पर्नेछ ।

**४७. लेखा व्यवस्थापन**

(१) सवै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) नियमित कारोवारको लेखा राख्न वेग्लै व्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ ।

**४८. सामुदायिक विद्यालयको खाता संचालन**

(१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ ।

(२) विद्यालयको खाता संचालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारी वा शिक्षकको संयुक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ ।

**४९. लेखा परीक्षण तथा सामाजिक परीक्षण**

(१) सवै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाउँपालिकाले तोकेको रजिष्ट्राड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(३) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आयव्यय, शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ ।



Scanned with CamScanner

४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठ पोषण लिनु पर्नेछ। सो को जानकारी शिक्षा शाखामा पठाउँनु पर्ने छ।

**५०. छात्रवृतिको व्यवस्था गर्न सक्ने:**

गाउपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ। छात्रवृत्ति वितरणको भर्पाई शिक्षा शाखा बुझाउनुपर्नेछ।

**५१. शुल्क सम्बन्धी व्यवस्था:**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन। तर अभिभावकको सहयोग लिन बाधा पर्ने छैन।

(२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ।

(३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमकोशुल्क लिन पाउने छैन।

(४) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन।

(५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाहरुलाई आधार लिइने छ। संस्थागत विद्यालयले लिएको बिभिन्न शुल्कबाट भएको कुल आयको १ प्रतिशत करका रुपमा गाउँपालिका मा बुझाउनु पर्ने छ।

(६) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ। यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

**५२. विद्यालयलाई छुट र सुविधा**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममाजुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ।

## परिच्छेदः १०
## विविध

**५३. गाउँपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिने छ। यस्ता विद्यालयको सञ्चालनका लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवस्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ।**

**५४. गाउँपालिकाले निर्देशन दिन सक्ने :**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**५५. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन:**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्वन्धी व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ।



Scanned with CamScanner

**५६. प्रगति विवरण बुझाउनु पर्ने :**
संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँ पालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

**५७. शिक्षक वा विद्यालयका कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउने:** विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय संचालन गर्न, लगानी गर्न वा व्यवस्थापन सम्बन्धि कुनै कार्य गर्न पाउने छैन ।

**५८. स्थानीय शिक्षा विकास कोष**
१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोबास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पिडित, असक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना हुनेछ ।
२) कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछ :
(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,
(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,
(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र
(घ) अन्य स्रोतबाट प्राप्त रकम ।
३) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**५९. दण्ड सजाय:**
(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असूल गरी बिगो बमोजिम जरिवानागर्न सक्नेछ ।
(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछ:-
(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,
(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्यगरेमा,
(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेशगर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,
(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,
(ङ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।
(च) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।
(छ) कानून विपरीतको अन्य कार्य गरेमा ।
(३) उपदफा (२) बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन र प्रचलित कानून बमोजिम संजाय गरिनेछ ।

**६०. पुनरावेदन :** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

**६१. नियम बनाउने अधिकार:**
(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।
(२) यस ऐनको कार्यान्वयनको लागि गाउँकार्यपालिकाले आवश्यक कार्यविधि तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**६२. संक्रमणकालीन व्यवस्था :**
(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

**६३. बाधा अड्काउ फुकाउने अधिकार :**
यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँकार्य पालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारीगर्न सक्नेछ । तर यस्तो आदेश गाउँसभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।



Scanned with CamScanner

**६४. बचाउ र लागू नहुने:**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानूनबमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना-मिनाहा गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) संङ्घिय शिक्षा ऐन प्रदेश शिक्षा ऐन संग बाभिएको यस ऐनका दफा तथा उपदफाहरु बाभिएको हदसम्म स्वत: निस्क्रीय हुनेछ ।

२०७६।८।१५

आज्ञाले
सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner